# एसएमई कर्मचारी लाभ प्याकेज

## सामूहिक जीवन, व्यक्तिगत दुर्घटना तथा स्वास्थ्य र घातक बिमारी बीमा



## कर्पोरेट सोल्युसन्स्

विश्वस्तरीय विशेषज्ञता, स्थानीयस्तरमा उपस्थिति

MetLife



## तपाईको व्यवसायको लागि केही कुराहरु अमुल्य छन्...........................

कुनै पनि संस्थाको सफलता त्यस संस्थामा कार्यरत कर्मचारीहरु माथि निर्भर गर्दछ । तपाईको व्यवसाय बृद्धि तथा प्रगतिको लागि तपाईको कर्मचारीहरुको राम्रो जीवनस्तर तथा काम प्रतिको सन्तुष्टि महत्वपूर्ण हुन्छ । कर्मचारीहरु तथा उनीहरुका परिवारहरुको स्वास्थ्य तथा भावी आर्थिक सुरक्षा सुनिश्चित गर्नका लागि MetLife ले बीमा रक्षावरण योजनाको रुपमा एसएमई कर्मचारी लाभ प्याकेज (SME Employee Benefit Package) प्रस्तुत गर्दछ ।

### एसएमई कर्मचारी लाभ प्याकेज किन छनौट गर्ने ?

- तपाईको व्यवसाय र कर्मचारीको बीमा आवश्यकता पुरा गर्न,
- उत्कृष्ट कर्मचारीहरुलाई आकर्षण तथा स्थायित्व प्रदान गर्ने प्रतिस्पर्धात्मक क्षमता प्राप्त गर्न,
- कर्मचारीहरु प्रति दीर्घकालिन प्रतिवद्धता प्रदर्शन गर्न र उनीहरुको संस्था प्रति बफादारीता अभिबृद्धि गर्न,
- लामो अवधी काम गरेका कर्मचारीहरुको सुरक्षित भविष्यद्वारा पुरस्कृत गर्न,
- यसले २४ सै घण्टा, ३६५ दिनै, संसारभर बीमा रक्षावरण प्रदान गर्दछ,
- संस्था छाडी जाने कर्मचारीहरुको प्रयोग हुन बााकी बीमाशुल्कलाई अर्को नयाँ कर्मचारीहरुको बीमाशुल्कमा समायोजन गर्न मिल्ने,
- तिर्न सकिने बीमाशुल्क (Affordable Premium)

## एसएमई कर्मचारी प्याकेजका लाभहरु

### जीवन (दुर्घटना वा रोगको कारणले हुने मृत्यु)/Life (Death due to Accident & Sickness)

बीमित कर्मचारीको मृत्यु दुर्घटना वा रोगको कारणलले विश्वको कुनै पनि ठाउँमा भएमा बीमितको इच्छाइएको व्यक्तिलाई बीमा रकम एकमुष्ठ रुपमा भुक्तानी दिइनेछ। तर युद्ध वा युद्ध जस्तै स्थितीमा बीमितको सक्रिय सहभागिताको कारणले बीमितको मृत्यु हुन गएमा वा बीमा प्रारम्भ भएको १ वर्ष भित्र बीमितले आत्महत्या गरेमा बीमा रकम भुक्तानी दिइने छैन।

### दुर्घटना मृत्यु /Accidental Death (AD)

यदि दुर्घटनाको परिणाम स्वरुप भएको घाउचोटको कारणले बीमित कर्मचारीको मृत्यु भएमा बीमितको इच्छाइएको व्यक्तिलाई बीमा रकम भुक्तानी दिइनेछ।

### अंगभंग, दृष्टि, श्रवण, वाक् शक्तिको क्षति/Dismemberment, Loss of Sight, Hearing and Speech Indemnity

यदि दुर्घटनाको परिणाम स्वरुप भएको घाउचोटको कारणले बीमित कर्मचारीलाई निम्नानुसारको कुनै क्षति भएमा लागुहुने बीमा रकमको तल उल्लेखित प्रतिशत अनुसार हुने रकम एकमुष्ठ भुक्तानी दिइनेछ :

| | | | | | |
|---|---|---|---|---|---|
| दुबै हात वा दुबै खुट्टाको क्षति | १००% | एउटा हात वा एउटा खुट्टा र एउटा आँखाको ज्योतिको क्षति | १००% | कुनै एउटा हात वा खुट्टाको क्षति | ५०% |
| दुबै आँखाको ज्योतिको क्षति | १००% | वाक् शक्तीको क्षति | १००% | एउटा आँखाको ज्योतिको क्षति | ५०% |
| एउटा हात र एउटा खुट्टाको क्षति | १००% | दुबै कानको श्रवण शक्तिको क्षति | १००% | हातको बुढी औंला र चोर औंलाको क्षति | २५% |

### पूर्ण र स्थायी अशक्तता / Total and Permanent Disability (PTD)

यदि दुर्घटनाको परिणाम स्वरुप भएको घाउचोटको कारणले बीमित कर्मचारी पूर्ण अशक्त भै सो अशक्तता निरन्तर बाह्र (१२) महिनाको अवधि सम्म कायमै रही त्यस अवधिको समाप्तिमा बीमित कर्मचारी पूर्णरुपमा स्थायी अशक्त भईरहेमा र बीमित कर्मचारी निजको बाँकी जीवनकाल भरी कुनै पनि आम्दानी हुने पेशा वा जागीरमा संलग्न हुन असक्षम भएमा त्यस्तो बीमित कर्मचारीलाई बीमा रकम एकमुष्ठ रुपमा भुक्तानी गरिनेछ।

### दुर्घटना औषधोपचार खर्च सोधभर्ना /Accidental Medical Expenses Reimbursement (AMR)

यदि दुर्घटनाको परिणाम स्वरुप घाउचोटको कारणले बीमित कर्मचारीलाई चिकित्सकको उपचार, अस्पताल सेवाको प्रयोग वा अस्पतालमा हुँदा इजाजत प्राप्त वा स्नातक नर्सको सेवा आवश्यक परेमा त्यस्तो चिकित्सकको उपचार शुल्क, अस्पताल शुल्क वा नर्सको शुल्क वापत, दुर्घटना भएको बाउन्न (५२) हप्ता भित्र भएको, आवश्यक, जायज र चलन चल्ती अनुसारको उपचार खर्च रकम मध्ये कट्टा रकम (रु. ५००/–) भन्दा माथिको बीमालेखमा उल्लेखित बीमा रकमको सीमा सम्मको औषधोपचार खर्च रकम सोधभर्ना गरिनेछ।

### दुर्घटना साप्ताहिक अशक्तता लाभ/Accidental Weekly Disability Indemnity (AWI)

यदि दुर्घटनाको परिणाम स्वरुप भएको घाउचोटको कारणले बीमित कर्मचारी पूर्ण अशक्त भएमा र लगातार लुप्त अवधि (Elimination Period) १ हप्ता (७ दिन) भन्दा बढी अवधि सम्म अशक्त भईरहेमा कम्पनीले त्यस्तो बीमित कर्मचारीको लागि लागु हुने साप्ताहिक दुर्घटना लाभ रकम आर्जित हप्तावरी अम्दानीको ७५ प्रतिशत भन्दा बढी नहुने गरी, लुप्त अवधि पछिको प्रथम दिन देखि शुरु गरी, आवधिक रुपमा लगातार अशक्तता कायम रहेको अवधि सम्म भुक्तानी गर्नेछ तर त्यस्तो भुक्तानी अवधि अधिकतम ५२ हप्ता भन्दा बढी हुने छैन।

### दुर्घटना र रोगको कारण अस्पताल भर्ना साप्ताहिक आय/In-Hospital Weekly Income-Accident & Sickness (IH-A&S)

कुनै पनि पूर्व विद्यमान अवस्थाहरु (पहिल्यै भैसकेको घाउचोट वा रोग) बाहेकको घाउचोट वा रोगको कारणले कुनै बीमित कर्मचारी न्युनतम २४ घण्टा अन्तरंग बिरामीको रुपमा चिकित्सकको निरन्तर निगरानीमा अस्पताल भर्ना भएको अवस्थामा बीमित कर्मचारी त्यसरी अस्पताल भर्ना रहेको प्रत्येक हप्ताको लागि बीमालेखमा उल्लेख भए अनुसारको साप्ताहिक लाभ बढीमा ५२ हप्ता सम्म भुक्तानी गरिनेछ। यस अन्तर्गतको अस्पताल भर्ना बीमा लुप्त अवधि (Elimination Period) (१ दिन), बिरामीपनको कारण अस्पताल भर्ना प्रतिक्षा अवधि (३१ दिन), टन्सिल (Tonsils), हर्निया (Hernia) वा स्त्री प्रजननाङ्गसँग सम्बन्धित घाउचोट वा बिरामीपनको परिणाम स्वरुप भएको अस्पताल भर्ना प्रतिक्षा अवधि (१२० दिन) पछि मात्रै लागु हुनेछ।

### घातक बिमारी (१४ रोगहरु)/Critical Illness (14 Diseases)

यदि बीमित कर्मचारीलाई तल उल्लेखित बीमालेखमा परिभाषित घातक बिमारीहरु भएको प्रमाणित (diagnosed) भएमा एकमुष्ठ बीमा रकम भुक्तानी गरिनेछ। यस घातक बिमारी बीमा, बीमा प्रारम्भ भएको मिति देखि प्रतिक्षा अवधि (६० दिन) पछि मात्रै लागु हुनेछ।

Cancer of Specified Severity, Kidney Failure, Cardiovascular Diseases, Stroke, Major Organ Transplant, ENT Disease, Major Burn, Liver Disease, Benign Brain and Spinal Tumors, Blindness, Primary Pulmonary artery hypertension, End Stage Lung Disease, Coma, Hematological Disorder.

# SME Employee Benefit Packages

| Benefits | PACKAGE 1 | | | | PACKAGE 2 | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Insured Amount (Rs.) | Age* | Occupation / Annual Premium (Rs.) | | Insured Amount (Rs.) | Age* | Occupation / Annual Premium (Rs.) | |
| | | | A & B | C & D | | | A & B | C & D |
| | | 18-24 | 1,113 | 1,352 | | 18-24 | 1,569 | 2,047 |
| | | 25-29 | 1,130 | 1,369 | | 25-29 | 1,603 | 2,081 |
| Life-Death due to A & S | 50,000 | 30-34 | 1,137 | 1,376 | 100,000 | 30-34 | 1,616 | 2,094 |
| Accidental Death, Dismemberment, PTD | 100,000 | 35-39 | 1,175 | 1,414 | 200,000 | 35-39 | 1,693 | 2,171 |
| Accidental Medical Reimbursement | 5,000 | 40-44 | 1,257 | 1,496 | 10,000 | 40-44 | 1,856 | 2,334 |
| Accidental Weekly Disability Indemnity | 700 | 45-49 | 1,399 | 1,638 | 1,400 | 45-49 | 2,141 | 2,619 |
| In-Hospitalization Weekly Income - A & S | 2,000 | 50-54 | 1,660 | 1,899 | 2000 | 50-54 | 2,662 | 3,140 |
| (Minimum 5 eligible employees are required | | 55-59 | 2,034 | 2,273 | | 55-59 | 3,411 | 3,889 |
| for this benefit.) | | 60-64 | 2,614 | 2,853 | | 60-64 | 4,571 | 5,049 |
| Optional | | 18-24 | 229 | | | 18-24 | 458 | |
| | | 25-29 | 311 | | | 25-29 | 621 | |
| Critical Illness (14 Disease) | | 30-34 | 458 | | | 30-34 | 916 | |
| | | 35-39 | 787 | | | 35-39 | 1,573 | |
| Minimum 20 eligible employees are required | 100,000 | 40-44 | 1,349 | | 200,000 | 40-44 | 2,698 | |
| for this benefit) | | 45-49 | 2,355 | | | 45-49 | 4,709 | |
| | | 50-54 | 3,164 | | | 50-54 | 6,328 | |
| | | 55-59 | 5,152 | | | 55-59 | 10,304 | |
| | | 60-64 | 7,731 | | | 60-64 | 15,461 | |

| Benefits | PACKAGE 3 | | | | PACKAGE 4 | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Insured Amount (Rs.) | Age* | Occupation / Annual Premium (Rs.) | | Insured Amount (Rs.) | Age* | Occupation / Annual Premium (Rs.) | |
| | | | A & B | C & D | | | A & B | C & D |
| | | 18-24 | 3,923 | 5,119 | | 18-24 | 7,316 | 9,394 |
| | | 25-29 | 4,008 | 5,204 | | 25-29 | 7,486 | 9,564 |
| Life-Death due to A & S | 250,000 | 30-34 | 4,041 | 5,236 | 500,000 | 30-34 | 7,551 | 9,629 |
| Accidental Death, Dismemberment, PTD | 500,000 | 35-39 | 4,233 | 5,429 | 1,000,000 | 35-39 | 7,936 | 10,014 |
| Accidental Medical Reimbursement | 25,000 | 40-44 | 4,641 | 5,836 | 50,000 | 40-44 | 8,751 | 10,829 |
| Accidental Weekly Disability Indemnity | 3,500 | 45-49 | 5,353 | 6,549 | 5,000 | 45-49 | 10,176 | 12,254 |
| In-Hospitalization Weekly Income - A & S | 5,000 | 50-54 | 6,656 | 7,851 | 10,000 | 50-54 | 12,781 | 14,859 |
| (Minimum 5 eligible employees are required | | 55-59 | 8,528 | 9,724 | | 55-59 | 16,526 | 18,604 |
| for this benefit.) | | 60-64 | 11,428 | 12,624 | | 60-64 | 22,326 | 24,404 |
| Optional | | 18-24 | 1,146 | | | 18-24 | 2,291 | |
| | | 25-29 | 1,553 | | | 25-29 | 3,105 | |
| Critical Illness (14 Disease) | | 30-34 | 2,291 | | | 30-34 | 4,582 | |
| | | 35-39 | 3,993 | | | 35-39 | 7,865 | |
| Minimum 20 eligible employees are required | 500,000 | 40-44 | 6,746 | | 1,000,000 | 40-44 | 13,491 | |
| for this benefit) | | 45-49 | 11,773 | | | 45-49 | 23,545 | |
| | | 50-54 | 15,820 | | | 50-54 | 31,640 | |
| | | 55-59 | 25,760 | | | 55-59 | 51,520 | |
| | | 60-64 | 38,653 | | | 60-64 | 77,305 | |

* गएको जन्मदिनमा पुगेको उमेर (Last Birthday Age)

## पेशागत बर्गीकरण (Occupational Classification):

**Class A:** कार्यालय भित्रको कार्यहरु वा यात्रा गर्ने पेशागत जोखिम नभएको पेशा संग सम्बन्धित् व्यक्तिहरु जस्तो कार्यकारी, प्राय: प्रशासनिक कार्यहरु गर्ने कम्पनीको बरिष्ठ व्यवस्थापन, बैंकर (banker), लेखापाल, वकिल र यस्तै प्रकृतिका पेशाहरु

**Class B:** सुपरिवेक्षण, ईन्जीनियरिङ वा स्वास्थ्य सम्बन्धी कार्यहरु गर्ने पेशागत सीमित जोखिम भएको पेशा संग सम्बन्धित व्यक्तिहरु जस्तो मेशिनरी सुपरिवेक्षक (plant superintendent), ईन्जीनियर, फोरमेन, फिजीशियन/चिकित्सक, नर्स, निरीक्षक, बिक्री गर्न बाहिर हिड्ने बिक्रेताहरु र यस्तै प्रकृतिका पेशाहरु

**Class C:** पेशागत जोखिम भएको व्यक्तिहरु जस्तो औद्योगिक कामदारहरु, जो प्राय: मेशिन औजारको प्रयोग गर्ने दक्ष वा अर्द्ध-दक्ष कामदारहरु । पेट्रोल पम्प वा इन्धन भर्ने परिचर, कृषक, शीपमूलक पेशा गर्ने कामदार (tradesmen), र रिटेल डेलिभरी क्लर्क, पशु चिकित्सक (veterinarian), सवारी चालक, डकर्मी, सिकर्मी र यस्तै प्रकृतिका पेशाहरु

**Class D:** पेशागत जोखिम भएको व्यक्तिहरु जस्तो ठुला मेशिन प्रयोग गर्ने औद्योगिक कामदार वा अदक्ष श्रमिकहरु, समुन्द्र, तेल र ग्यास खानीमा काम गर्ने कामदारहरु र यस्तै प्रकृतिका पेशाहरु

## महत्वपूर्ण टिप्पणीहरु:

१. सबैलाई समान/बरावर हुने वा वर्ग (Class) मा आधारित हुने गरी प्याकेज छनौट गर्न सकिनेछ । वर्ग (Class) को आधारमा हुने गरी प्याकेज छनौट गर्ने भए ती प्याकेजहरु क्रमबद्ध रुपमा छनौट गर्नु पर्नेछ । उदाहरणको लागि जस्तै प्याकेज १,२,३ वा १,२,३,४ र सोही क्रममा छनौट गर्न सकिन्छ । छनौट गरिएका प्याकेजहरुको बीचमा कुनै एक प्याकेज छुट्ने गरी छनौट गरेमा जस्तै प्याकेज १,२,४ वा १,३,४ र त्यसै गरी गरिएको छनौटलाई स्वीकार गरिनेछैन ।

२. यो प्रत्येक वर्ष नविकरणीय म्यादी बीमालेख हो । नविकरणको वखत बीमित कर्मचारीहरुको उमेर र पेशामा हुने परिवर्तनको आधारमा बीमाशुल्क निर्धारण गरिनेछ ।

३. एक समूहको लागि न्युनतम बीमाशुल्क रु ७,५००/– हुनेछ ।

४. बीमा कम्पनीको अण्डरराइटिङ निर्देशिका लागु हुनेछ । बीमा रक्षावरण लागु हुनका लागि प्रतिक्षा अवधि, पुर्व विद्यामान अवस्थाहरु र सामान्य अपवर्जन (बीमाले रक्षावरण नगर्ने) हरु लागु हुनेछन् ।

# तपाईंको सन्तुष्टी हाम्रो ग्राहयता

## MetLife को प्रतिस्पर्धात्मक लाभहरु:

- विश्वसनीयता र पारदर्शिता
- बीमा योजनाहरुका बृहत प्रकार
- बलियो स्थानीय, क्षेत्रीय र विश्वव्यापी साझेदारी
- श्रृजनात्मक समाधान (Innovative Solution) को लागि स्थापित अग्रता
- स्थानीय बजारको बृहत जानकारी



**उद्घोषण (Disclaimer)**

यसमा उल्लेखित बीमा योजनाहरु अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीद्वारा अन्डरराइट गरिएको हो । यस ब्रोसरमा उल्लेख गरिएका जानकारीहरु सर्वसाधारण ग्राहकहरुलाई बुझाउन र सिकाउने उद्देश्यको लागि मात्र दिइएको हो । यी बीमा योजनाहरु अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीद्वारा जारी गरिने बीमालेखमा उल्लेखित शर्त तथा सुविधा अनुसार हुनेछ ।

MetLife बारे:

MetLife, Inc. (NYSE: MET), आफ्ना सहायक र सम्बद्ध संस्थाहरु सहित ("MetLife") बित्तिय सेवा प्रदायक विश्वका प्रमुख कम्पनीहरु मध्येको बीमा, एन्युटी (Annuities), कर्मचारी लाभ योजनाहरु र सम्पत्ति व्यवस्थापनको सेवा प्रदान गरी व्यक्तिगत तथा संस्थागत ग्राहकहरुको बदलिंदो संसारलाई जीवनमा अगाडि बढ्न मद्धत गरिरहेको एक प्रमुख बित्तीय सेवा प्रदायक कम्पनी हो । सन् १८६८ मा स्थापित भएको MetLife, विश्वभर ४० भन्दा बढि बजारहरुमा संचालनमा रहेको छ र संयुक्त राज्य अमेरिका, जापान, ल्याटिन अमेरिका, एशिया, युरोप र मध्य पूर्वमा अग्रणी स्थान ओगटेको छ । थप जानकारी का लागि, कृपया www.metlife.com हेर्नु होस् ।

MetLife, नेपाल बारे:

MetLife, Inc को सहायक संस्था, संयुक्त राज्य अमेरिकामा संस्थापित अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनीको शाखाको रुपमा MetLife सन् २००१ देखि नेपालमा संचालन भइरहेको छ । नेपालमा यसले आफ्ना व्यक्तिगत तथा संस्थागत ग्राहकहरुलाई जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा र सामुहिक बीमा जस्ता बीमा योजनाहरु उपलब्ध गराउदै आइरहेको छ । थप जानकारी का लागि, कृपया www.metlife.com.np हेर्नु होस वा ९७७-१-५४५५१६६ मा फोन गर्नुहोस ।

Download & Register on

one by MetLife

**अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी**
(संयुक्त राज्य अमेरिकामा स्थापित, नेपाल दर्ता नं. ६/०६२/०६३)
सिग्नेचर प्लेटिनम टावर, पुल्चोक, ललितपुर
पो.ब.नं. ११५९०, काठमाडौं, नेपाल
फोन: (+९७७-१) ५९७१७९९, कल सेन्टर: (९७७-१) ५९७०१६६
टोल फ्रि: १६६०-०१-५५५५५
इमेल: service-nepal@metlife.com.np
वेब साईट: www.metlife.com.np

MetLife

NIA Product Code: NIA/LI005/2067/068/GP/0011
May 2026 (SME Employee Benefit Package)-NP